# सिस्ने गाउँपालिकाको युवा विकास केन्द्र सञ्चालन कार्यविधिः २०७७

कार्यपालिकाबाट स्वीकृत मिति २०७७\०५\२९

**प्रस्तावना,**

नेपालका संविधान २०७२ को मर्म भावनालाई आत्मसात गर्दै समृद्ध राष्ट्र निर्माणको आधार स्म्तभको रुपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी देशको शासन सञ्चालन प्रणाली र सुशासनका सम्बन्धमा सिस्ने गाँउपालिका भित्रका युवालाई सु-सूचित गरी विकासमा सशक्तिकरण गर्दै उनीहरुको परिचालनको लागि युवामैत्री नीति योजना, कार्यक्रम र प्राथमिकता निर्धारण गर्न युवा लक्षित उद्देश्य प्राप्तिका लागि स्थानीय सरकारलाई पृष्ठपोषण तथा सकारात्मक वातावरण निर्माण गर्न, युवाका मुद्दाहरुको बहस पैरवी गर्न, युवाहरुको सर्वागिंण विकास गर्न, युवाहरुमा राष्ट्र, राष्ट्रियता र जनता प्रतिको बफादारी, युवाहरुको युवाका आधारभूत आवश्यकताहरुको परिपुर्ति, समानता एवं समतामूलक वितरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक, स्वतन्त्रता विश्वब्यापी मानव अधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता, शान्ति, सह अस्तित्व, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरुको प्रवर्दन गर्ने हेतुले राष्ट्रिय युवानीति २०७२, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही यस सिस्ने गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "युवा विकास केन्द्र सञ्चालन कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: परिभाषा वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यवधिमा,-

(क) “युवा" भन्नाले १६ देखि ४० वर्ष सम्मका महिला, पुरुष र तेस्रो लिङ्गी समेतलाई सम्झनु पर्छ ।
(ख) “अध्यक्ष" भन्नाले युवा विकास केन्द्रको अध्यक्षलाई सम्झनु पर्छ ।
(ग) "केन्द्र" भन्नाले युवा विकास केन्द्रलाई सम्झनुपर्छ ।

(घ) "युवानीति" भन्नाले राष्ट्रिय युवानीति, २०७२ सम्झनु पर्छ ।

(ङ) "संयोजक" भन्नाले युवा विकास केन्द्रको संयोजकलाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(छ) "कार्यालय भन्नाले युवा विकास केद्रको कार्यालय सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले युवा विकास केन्द्रको कार्यसमितलाई सम्झनुपर्छ ।

(झ)"कार्यालय प्रमूख" भन्नाले युवा विकास केद्रको कार्यालय प्रमुखको रुपमा काम गर्ने कर्मचारिलाई सम्झनुपर्छ।

(ञ) "केन्द्र प्रमुख" भन्नाले युवा विकास केन्द्रको अध्यक्षलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## केन्द्रको स्थापना

**३. <u>केन्द्रको स्थापना</u>:**

१ युवाको हकहितको संरक्षण र संवर्दन गर्ने तथा उधमशीलता विकासका साथै खेलकुदको प्रवर्दनको लागि युवा विकास केन्द्र स्थापना गरिएको छ।

२ केन्द्रको कार्यालय सिस्ने गाँउपालिका भित्र रहनेछ।

३ गाउँपालिकाले आवश्यकताअनुसार अन्य वडामा पनि आफ्नो कार्यालय खोल्न सक्नेछ।

**४. <u>केन्द्रको उद्देश्य</u>:**

- राष्ट्र, राष्ट्रियता र सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्रति युवाहरुलाई प्रतिबद्ध बनाउदै यसको संस्थागत विकासको लागि क्रियाशिल बनाउने।
- युवाहरुलाई समाजको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रका नीति निर्णय निर्माण र कार्यान्वयनमा निर्णायक र अर्थपूर्ण रुपमा सहभागी गराउने।
- युवाहरुको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षहरुको विकास गर्ने,
- युवाका सबै प्रकारका क्षमतालाई समाज विकासको मूल प्रवाहमा समाहित गरी ग्रामिण विकासमा लगाउने ।
- आम युवाहरुमा श्रमप्रति सम्मानको भावना विकास गर्दै युवा उधमशीलताको विकास गर्ने ।
- युवाहरुका आधारभूत आवश्यकता गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा तथा सहजजीवनयापनलाई अधिकारका रुपमा स्थापित गर्ने ।
- युवाहरुमा अन्तरनिहित प्रतिभाहरुको विकाश तथा उपयोग गरी शिक्षा, साहित्य, संस्कृति, कला, संगित खेलकुद, विज्ञान तथा प्रविधि जस्ता क्षेत्रहरुका माध्यमबाट गाउँको पहिचान बढ़ाउने।

- समाजमा विन रहेका वर्गीय, लैङ्गिक जातीय क्षेत्रिय, भाषिक, विभेदको अन्त्यका लागि युवा परिचालनको वातावरण बनाउने ।
- युवामा देखिएका सामाजिक, सांस्कृतिक, कुलत तथा दुर्ब्यसन अन्त्य गर्दै युवालाई सकारात्मक दिसातर्फ अभिप्रेरित गर्ने ।
- ग्रामिण विकासमा युवा परिचालन गरी रोज़गारी सुजना गर्ने ।

**५. <u>केन्द्र स्वशासित र संगठित संस्था हुने:</u>** १) केन्द्र अविच्छिन्न उत्तराधिकारिवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) केन्द्रको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

३) केन्द्रले ब्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

## परिच्छेद-३

## <u>केन्द्रको गठन तथा काम, कर्तब्य र अधिकार</u>

६. **केन्द्रको गठन** : (१) केन्द्रको गठन देहायबमोजिम हुनेछ

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष\उपाध्यक्ष- | संरक्षक |
| (ख) गाउँपालिकाले मनोनीत गरेको ब्यक्ति- | संयोजक |
| (ग) प्रत्येक वडा बाट एक एक जना समाबेसी सिद्धान्तमा सदस्य- | सदस्य |
| (घ) केन्द्र प्रमुख- | सदस्य सचिव |

(२) गाउँपालिकाले पहिलो पटक स्थापनार्थ अध्यक्ष एवं सदस्यहरुको मनोनयन गर्दा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत रहेका तीन सदस्य समितिको सिफारिसमा गर्नेछ ।

(३) दोस्रो कार्यकालका लागि कार्यसमिति चयन गर्दा लोकतान्त्रिक विधि निर्वाचन मार्फत गरिनेछ निर्वाचन सम्बन्धिको व्यवस्था गाँउ कार्यपालिकाको निर्नय वमोजिम हुनेछ ।

(४) अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि बढिमा पाँच वर्षको हुनेछ

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष वा मनोनीत कुनै सदस्यले आफ्नो पद अनुरुप आचारण नगरेको वा जिम्मेवारी पुरा नगरेको ठहर भएमा केन्द्रको कार्यसमितिको बहुमतले जुनसुकै बखत निजलाई अध्यक्ष वा सदस्यको पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरीने छैन।

७. **<u>केन्द्रको काम कर्तब्य र अधिकारः</u>** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम कर्तब्य र अधिकार को अतिरिक्त केन्द्रको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) युवा सम्बन्धी दिर्घकालीन योजना र कार्यक्रमतर्जुमा गरी गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ख) गाउँ परिषद् बाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागु गर्ने,

(ग) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक योजना तथा कार्यक्रम निर्माण गर्ने ।

(घ) केद्रको वार्षिक योजना र कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ङ) युवा विकास,सशक्तिकरण एवं मूलप्रवाहिकरण सम्बन्धी विषय मा गाउँपालिकालाई सुझाव दिने,

(च) युवाका लागि स्वरोजगार प्रवर्दन तथा उद्मशीलता अभिवृद्धी सम्बन्धी कार्यक्रम संचालन गर्ने, गराउने,

(छ) युवालाई विकास निर्माण तथा समाज सेवाको स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने,

(ज) युवालाई ग्रामिण विकासमा समाहित गर्न सचेतना मूलकका कार्यक्रम संचालन गर्ने

(झ) युवा विकास तथा युवा परिचालन सम्बन्धी बिषयमा अध्ययन तथा अनुसन्धान गराउने,

(ञ) युवालाई स्थानीय योजना निर्माण देखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,गराउने,

(ट) युवा सम्वन्धी विभिन्न निकायद्वारा संचालित कार्यक्रमको समन्वय गर्ने

(ठ) युवा सम्बन्धी सूचनाको व्यवस्थापन गर्न तथा एकिकृत तथ्याङ्क तयार गर्ने ,

(ड) युवा सम्बन्धी संघ, संस्थाको क्षमता अभिवृद्धी गर्ने, गराउने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

८. **<u>केन्द्रको बैठक र निर्णयः</u>** १) केन्द्रको बैठक आवश्यकताअनुसार बस्नेछ।

(२) केन्द्रको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) केन्द्रको बैठक हुनु भन्दा कम्तिमा एक हप्ता अगावै बैठकमा छलफल हुने विषयको कार्यसुचि सहितको सुचना सदस्यहरुलाई दिनेछ ।

(४) केन्द्रमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा केन्द्रको बैठक को लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) केन्द्रको बैठक को अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(६) केन्द्रको बैठकमा बहुमतको रायमान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनेछ।

(७) केन्द्रको बैटकको निर्णय अध्यक्षले प्रमाणित गरी राखेछ ।

(८) केन्द्रले आवश्यक ठानेमा केन्द्रको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई केन्द्रको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ, ।

(९) केन्द्रको बैठक सम्बन्धी अन्य कार्यविधि केन्द्र आफैले निर्धारण गरे बमोजम हुनेछ ।

## परिच्छेद-४

## वडा युवा बिकास केद्र

९. **वडा युवा बिकास केन्द्र गठनः** (१) वडा स्तरमा युवा सम्बन्धि योजना तथा कार्यक्रम सञ्चाल गर्ने काम समेतको लागि प्रत्यक वडामा एक युवा विकास केन्द्र रहनेछ। वडा स्तरमा युवा सम्वन्धित योजना तथा कार्यक्रम सञ्चालन गर्न काम

(२) वडा युवा बिकास केन्द्र देहायबमोजिम हुनेछ;-

(क) सम्बन्धित वडा अध्यक्ष -संरक्षक

(ख) स्थानीय तहमा युबाको संरक्षण, संवर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा १ वर्ष काम गरी समाजमा विशेष योगदान पुऱ्याएका ब्यक्तिहरुबाट युवा विकास केन्द्रले मनोनीत गरेको ब्यक्ति -अध्यक्ष

(ग) सम्बन्धित वडामा बसोवास गर्ने युवा मध्यबाट समावेशी सिद्धान्तको आधारमा कम्तिमा पाच जना -सदस्य

(घ) वडा सचिव -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमका सदस्यहरुको मनोनयन वडा समितिले गर्नेछ ।

(४) वडा युवा विकास केन्द्रको अध्यक्ष तथा सदस्य को पदाबधि बढीमा पाँच वर्ष को हुनेछ।

(५) दोस्रो कार्यकालकालागि कार्य समिति चयन गर्दा लोकतान्त्रिक विधिनिर्वाचन मार्फत गरीनेछ। निर्वाचन सम्बन्धि व्यवस्था गानउँकार्यपालिकाको निर्नय वमोजिम हुनेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि वडा युवा विकास केन्द्रको अध्यक्ष वा सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको देखिएमा वडा युवा विकास समितिको वहुमतले त्यस्तो अध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरीने छैन ।

(७) युवा विकास केन्द्रको बैठक सम्बन्धीत केन्द्रको कार्यसमितिले तोकिए बमोजिम हुनेछ ।

(८) युवा विकास केन्द्रको कार्यालय वडा कार्यालयले तोकेको स्थानमा रहनेछ ।

## परिच्छेद-५

## केन्द्रको कोष

१०. **केन्द्रको कोष ;** (१) केन्द्रको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोष मा देहायका रकम रहनेछन्:-

(क) गाउँपालिकाबाट प्राप्त रकम,
(ख) कुनै ब्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,
(ग) अन्तराष्ट्रिय संघ, संस्था वा ब्यक्ति बाट प्राप्त रकम,
(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि केन्द्रले गाँउपालिकाको स्वीकृति लिनु पर्नेछ ।
(४] केन्द्रको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोष वाट ब्यहोरिने छ ।
(५) केन्द्रको कोष मा रहने सम्पूर्ण रकम युवा विकास केन्द्रको आफ्नै बैंक खातामा जम्मा गरिनेछ ।
(६) केन्द्र कोष को सञ्चालन तोकिए बमोजिम हुनेछ।

११. लेखा र लेखापरीक्षणः (१) केन्द्रले आफ्नो आय ब्ययको लेखा गाउँपालकाले अपनाएको लेखाप्रणाली बमोजिम राखु पर्नेछ ।
(२) केन्द्रको लेखापरीक्षण गाउँपालिकाले नियुक्त गरेको लेखापरीक्षकबाट हुनेछ ।
(३) गाउँपालिकाले केन्द्रको आय ब्ययको लेखा तत् समबन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-६
## <u>विविध</u>

१२. **<u>उपसमिति गठन गर्न सक्ने</u>** (१) केन्द्रले यो कार्यविधि अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार सो उपसमिति गठन गर्दाका बखत केन्द्रले तोके बमोजिम हुनेछ

१३. **<u>पारिश्रमिक सुविधा र बैठक भत्ताः</u>** (१) केन्द्रका संयोजक र सदस्य तथा वडा युवा विकास केन्द्रका अध्यक्ष र सदस्यहरुको बैठक भत्ता र दफा १२ बमोजिमको उपसमितिका सदस्यले बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **वार्षिक प्रतिवेदनः** (१) केन्द्रले आफूले वर्षभरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१५. **निर्देशन दिन सक्ने;** (१) गाउंपालिकाले युवा विकास केन्द्रको काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु केन्द्रको कर्तव्य हुनेछ ।

१६. **अधिकार प्रत्यायोजनः** (१) केन्द्रले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समिति, संयोजक बा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **शपथ** केन्द्र र वडा युवा विकास केन्द्रका सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि गाउँ कार्यपालिका अध्यक्ष समक्ष शपथ लिनु पर्नेछ।

१८. **सहयोग गर्नु पर्नेः** केन्द्र र वडा युवा विकास केन्द्रको काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्र विघटन भएमा केन्द्रको चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ।

१९. **नियम तथा विनियम बनाउने अधिकार;** यस कार्यविधिको कार्यन्वयनको लागि गाँउपालिकाले आवश्यक नियम तथा विनियम बनाउन सक्नेछ ।

२०. **कार्यविधिको संशोधनः** यस कार्यविधि केद्रको सिफारिसमा गाँउपालिकाले आवश्यक संशोधन एवं परिमार्जन गर्न सक्नेछ।

**अनुसूची-१**

(दफा १७ संग सम्बन्धित)

शपथ

म ..........................(शपथ लिने ब्यक्ति को नाम) ................. मुलुक र जनता प्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु, देश र जनताका नाममा शपथ लिन्छु कि युवा विकास केन्द्र/ वडा युवा विकास केन्द्रको.................पदको हैसियतले मलाई तोकएको काम मैले जाने बुझे सम्म कर्तब्य सम्झी मुलक तथा गाउँपालिका प्रति वफादार रही, भय, पक्षपात द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तब्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्नु छैन ।

**शपथ ग्रहण गर्नेको नामः**

दस्तखत:

मिति:

पद:

कार्यालय:

**शपथ ग्रहण गरेको प्रमाणित गराउनेको नामः**

दस्तखत:

मितिः

पद:

कार्यालयः